१३४ ...

आज मिति २०७८ साल पौष १४ गते भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री भूपेन्द्र बहादुर चन्द नगर प्रमुख
श्री रेणु आचार्य, नगर उपप्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री ~~आईतराम~~ सुनार, का.वा. वडा अध्यक्ष वडा नं. ३
श्री ~~महाविर खत्री~~, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कंडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी)
श्री सिता कुमारी खत्री, शाखा अधिकृत
श्री लक्ष्मन बि.क, एम.आई.एस.अपरेटर

**प्रस्ताव नं. १ : कर्मचारी संगठन तथा व्यवस्थापन संरचना O&M सम्बन्धमा ।**
**निर्णय नं. १ :** यस भेरीगगा नगरपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन संरचना O&M गर्ने सम्बन्धमा प्रारम्भिक छलफल गरियो र तत्पश्चात् यस नगरपालिकामा रहेका शाखा प्रमुखहरुसँग छलफल गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : मानसिक स्वास्थ्य परामर्श केन्द्र सम्बन्धमा ।**
**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकामा आ.व. २०७७।०७८ देखि मानसिक स्वास्थ्य परामर्श केन्द्र नेपालले मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य कार्यकर्ता उपलब्ध गराई कार्य गरिरहेको उक्त कार्यका लागि नगरको तर्फबाट कम्तिमा एकजना मनोपरामर्शकर्ता पाचौं तहको कार्यक्रम अवधिभर राख्ने र यसको लागि चालु आ.व. २०७८।०७९ रकमको पनि व्यवस्था गरेको हुँदा उक्त रकमबाटै मासिक पारिश्रमिक भुक्तानी दिने गरी भर्ना प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : नेपाल नगरपालिका संघलाई रकम सम्बन्धमा ।**
**निर्णय नं. ३ :** नेपाल नगरपालिका संघलाई यस नगरपालिकाबाट रु.२५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : भुमि आयोग सम्बन्धमा ।**
**निर्णय नं. ४ :** नेपाल सरकार भूमि आयोगको प.स. २०७८।०७९ च.नं. १७० मिति २०७८।०९।०९ को पत्रबाट यस नगरपालिका अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीका विगतमा संकलन गरिएका प्रविष्ट गर्न बाँकी निवेदनहरुको प्रविष्ट्री कार्य सुचारु गर्न साविकका प्रविष्टकर्ता श्री नवराज रोकाय, दुर्गा वली र धिरेन्द्र रोकायको नामावली पठाउने निर्णय गरियो । साथै कोटमाभ्रुखर्क अन्तर्गत पर्ने र हाल भेरीगंगा र गुर्भाकाट न.पा.रहेका अपूरा कार्य सम्वन्धमा सम्पूर्ण कार्य सम्पन्न भई सूचना प्रकाशन गर्ने कार्य अगाडि बढाउन मात्र बाँकी रहेको हुँदा सो को लागि आदेश माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : स्वास्थ्य चौकी र एन.टि.भी टावर कर्मचारी सम्बन्धमा ।**
**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिका वडा नं. ८ स्थित रहेको मैनतडा स्वास्थ्य चौकी र सोही वडाको एन.टि.भी टावर सुरक्षा गार्ड अन्तर्गत रु.६५,०००।- का दरले वडा कार्यालयवाट रकम व्यवस्था गरेको हुँदा सम्बन्धित वडा कार्यालयको निर्णयानुसार दैनिक ज्यालादारीमा तोकिएको रकमबाट २०७९ असार मसान्तसम्मको लागि दैनिक कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : योजना संचालन तथा माग गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ६ :** आगामी आ.व. २०७९।०८० को संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने तपसिलका आयोजनाहरु संचालन तथा माग गर्ने निर्णय गरियो ।

**तपसिल :**

**१. समपुरक अनुदान**

क) छिन्चु बसपार्क भेरीगंगा न.पा. १२

ख) हर्रे मनिरामकाँडा कृषि सडक ४, ३, २, १

ग) भेरीगंगा रिंगरोड वडा १-१३

**२. विशेष अनुदान**

क) अल्पसंख्यक, सिमान्तकृत महिला तथा युवाहरुको लागि उपप्रमुख स्वरोजगार कार्यक्रम

Scanned with CamScanner

ख) छात्रवृत्ति कार्यक्रम

- उल्लेखित छात्रवृत्ति कार्यक्रम अन्तर्गत यस भेरीगंगा नगरपालिका भित्र रहेका गरिब, असहाय तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृति कार्यक्रम तपसिल बमोजिम संचालन गर्ने :

| | | |
|---|---|---|
| क) कानुन संकाय | - | ८ जना (LLB and PCL) |
| ख) पाइलट | - | २ जना |
| ग) व्यवस्थापन संकाय स्नातक | - | ५ जना |
| घ) M.P.A. प्रशासन व्यवस्थापन | - | ५ जना |
| ङ ) सिभिल स्नातकोत्तर | - | २ जना |
| च) सिभिल स्नातक तह | - | ३ जना |
| छ) सिभिल डिप्लोमा तह | - | ५ जना |
| ज) कम्प्युटर | - | ५ जना |
| झ) कृषि बालविज्ञान | - | ५ जना |
| ञ) होटल व्यवस्थापन | - | ५ जना |

ग) कृषि बहुउद्देशीय भवन निर्माण भेरीगंगा न.पा. १०

**प्रस्ताव नं. ७ : विपत सम्बन्धमा ।**
**निर्णय नं. ७ :** चालु. आ.व. २०७८।०७९ मा विपत व्यवस्थापन समितिमा प्राप्त निवदेनहरु कार्यान्वयनका सम्बन्धमा सोही शीर्षकबाट बचेको रु. ३०,०००।- मध्येबाट समितिले पेश गरेको आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : योजना किताब सम्बन्धमा ।**
**निर्णय नं. ८ :** यस भेरीगंगा नगरपालिकाको चालु आ.व. २०७८।०७९ मा स्वीकृत योजनाको किताबमा समावेश योजनाहरु कार्यान्वयन गर्ने सिलसिलामा पछिल्लो योजनाको किताबलाई नै आधार मान्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : योजना समायोजन सम्बन्धमा ।**
**निर्णय नं. ९ :** यस भेरीगंगा नगरपालिका वडा नं. ११ को चालु आ.व. २०७८।०७९ को उदिरामको जग्गा नजिक कुवा मोटर पाइप खरिद योजना र कार्यपालिका अन्तर्गत उदीराम बि.कको जग्गा छेउमा कुवा निर्माण मोटर पाईप खरिद योजनालाई समायोजन गरी उदीराम बि.कको जग्गा छेउमा कुवा निर्माण मोटर पाइप खरिद योजना गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : योजना संशोधन सम्बन्धमा ।**
**निर्णय नं. १० :** यस भेरीगंगा नगरपालिका वडा १३ को ओखढुङ्गा भगवती मन्दिर मर्मत योजनालाई संशोधन गरी शान्तेश्वर महादेव मन्दिर निर्माण योजना बनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : बसपार्क सम्बन्धमा ।**
**निर्णय नं. ११ :** भेरीगंगा नगरपालिका वडा नं १२ को सल्लीचोक स्थित छिन्चु बसपार्क निर्माण गर्ने सिलसिलामा निर्माण गर्दा लागेको लागतको सम्झौताको हुन आउने रकमको १० प्रतिशत खर्च रकम यस भेरीगंगा नगरपालिकाले व्यहोर्ने प्रतिवद्धतासहित निर्माणको लागि आवश्यक ९० प्रतिशत रकम नगर विकास कोषसँग माग गर्ने धनी निर्णय भएकोमा सम्बन्धित निकायबाट नगरपालिकको तर्फबाट व्यहोर्ने रकमको अंश १० प्रतिशत बाट ३० प्रतिशतसम्म पुयाउनु पर्ने भनी आएको हुँदा सोही अनुसार गर्ने प्रतिबद्धता जनाइयो ।

Scanned with CamScanner

**प्रस्ताव नं. १२ : सडक कालोपत्रे सम्बन्धमा ।**
**निर्णय नं. १२ :** भेरीगंगा नगरपालिका वडा नं १२ स्थित इलाका प्रहरी कार्यालय आसपासबाट रत्न राजमार्ग जोड्ने सडकको कालोपत्रे गर्ने बाँकी खण्ड कार्यालयबाट रकमको व्यवस्था गरी निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : साझेदारी सम्बन्धमा ।**
**निर्णय नं. १३ :** भेरीगंगा नगरपालिका अन्तर्गत वडा नं. १ का बासिन्दालाई खानेपानी सुविधा उपलब्ध गराउन सुन्दर नेपाल संस्थाले कार्यक्रम संचालन गर्ने भएकोले उक्त योजनाहरुमा यस नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने गरी रु.५।५ लाख साझेदारीमा छुट्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ : शाखा व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. १४ :** भेरीगंगा नगरपालिकामा प्राविधिक शाखामा सब-इन्जिनियर १ जना ओभरसियर सब-इन्जिनियर २ जना थप भएको र दैनिक सेवा प्रवाह गर्न स्थान अभाव भएकोले कार्यालय व्यवस्थापन शीर्षकबाट खर्च गर्ने गरी उपयूक्त स्थानमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ : वडा नं. ४ को योजना समायोजन सम्बन्धमा ।**
**निर्णय नं. १५ :** भेरीगंगा नगरपालिका वडा नं. ४ को मिति २०७८।०७।२९ गतेको बसेको वडापालिकाको बैठकबाट देहाय अनुसारको योजनाहरु समायोजन र संशोधन गर्नुपर्ने भनी लेखिआएको हुँदा सोही अनुसार गर्ने निर्णय गरियो ।

__तपसिल : समायोजन गर्ने तर्फ__

१) हात्तीसुँडे महिला समूहबाट रु. १,५०,०००।- वडास्तरीय

२) हात्तीसुँडे महिला समूह तारबार रु. ५००००।- नगरस्तरीय

लाई समायोजन गरी बजेट रु. २,००,०००।- को एउटै योजना बनाउने निर्णय गरियो ।

__तपसिल : संशोधन गर्ने तर्फ :__

१) सानो हर्रे जाजरकोटी टोल खानेपानी पाईप खरिदलाई सिचाई पाइप खरिद रु.१,२०,०००। बनाउने

२) हर्रे विद्यालय निर्माणलाई मर्मत गर्ने रु.१,००,०००।-

३) सालघारी सिंचाई पोखरी निर्माणका लागि वडाको बजेट रु.१००००० नगरबाट छुट्याएको रु.५०,००० लाई समायोजन गरी रु. १,५०,००० बनाउने

३) सिसौघारी दोबाटो जोड्ने सडक निर्माणलाई नाला निर्माण रु.१,५०,०००।- कायम गर्ने

५) वडा कार्यलय कम्पाउन्ड प्रतिक्षालय र शौचालयको रु. ५,५०,०००।- लाई सडक सरसफाई योजनामा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : आर्थिक सहयोग सम्बन्धमा ।**
**निर्णय नं. १६ :** मानव सेवा आश्रम सुर्खेतले आफ्नो सेवा प्रवाहको लागि आर्थिक सहयोग माग गरेको सम्वन्धमा नगरमा सो अन्तर्गत रकम उपलब्ध भएसम्म आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. १७: आँखा उपचार केन्द्र सम्बन्धमा ।**

**निर्णय नं. १७ :** यस भेरीगंगा न.पा. कर्णाली प्रदेशको मुलद्धार तथा यस क्षेत्रका स्थानीय तह समेतलाई पायक पर्ने क्षेत्र भएको र यस स्थानीय तहमा आँखा उपचार केन्द्र नभई नागरिकलाई उक्त सेवा लिन वीरेन्द्रनगर नगरपालिका जानुपर्ने अवस्था रहेकोले आँखा उपचार केन्द्र रेडक्रस उप-शाखा छिन्चु भवनबाट संचालन गरिदिनका लागि सुर्खेत आँखा अस्पताललाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ : रकम माग गरी पठाउने सम्बन्धमा ।**

**निर्णय नं. १८ :** कोरोनाको तेस्रो भेरियन्ट बढ्दै गएको अवस्थामा कर्णाली प्रदेशको प्रवेशद्धारमा होल्डिङ सेन्टर आकस्मिक रुपमा बनाउने पर्ने भएको हुँदा सो को लागत खर्च, डिजाईन तथा निर्माणको लागि आवश्यक पर्ने रकम रु. १ करोडसम्म सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा माग गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ : रकम माग गरी पठाउने सम्बन्धमा ।**

**निर्णय नं. १९ :** यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ को रामघाट झोलुगें पुलको मर्मत सम्भार कार्य गर्न नितान्त आवश्यक भएको हुनाले भेरीगंगा नगरपालिका, लेकवेशी नगरपालिका र SWAP को प्राविधिक तथा आर्थिक साझेदारीमा उक्त झो. पुलको मर्मत सम्भार कार्य गर्नका लागि TBSU वाट पेश भएको लागत अनुमान रु. १९,४२,९१७।०५ मध्ये SWAP ले रु. १,११६,३५३।२० ब्यहोर्ने र बाँकी रकम रु. १८,२६,५६३।८५ मध्ये दुवै नगरपालिकाले बराबर खर्च ब्यहोर्ने गरी यस भेरीगंगा नगरपालिकाले रु. ९,१३,२८१।८२ पैसा ब्यहोर्ने गरी मर्मत सम्भार कार्य तत्काले गर्न लेकवेशी नगरपालिकालाई साझेदारी रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २० : विद्युत पोल र तार माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २० :** यस भेरीगंगा नगरपालिकाका विभिन्न वडाहरुमा थ्री फेज लाइन थप गर्ने तथा पोल र तार व्यवस्थापन गर्नको लागि नेपाल विद्युत प्राधिकरण सुर्खेत शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१ : पारिश्रमिक रकम सम्बन्धमा ।**

**निर्णय नं. २१ :** यस भेरीगंगा नगरपालिकामा संचालित अस्थायी कोभिड अस्पताल राताचौरमा कार्यरत डाक्टर र अन्य सहयोगी कर्मचारीहरुलाई २०७८ साउन महिना देखि पौष मसान्तसम्मको पारिश्रमिक रकम यस नगरपालिकाको विपद् व्यवस्थापन कोष शीर्षकबाट खर्च लेखी सम्वन्धित कर्मचारीहरुको लागि पारिश्रमिक सम्बन्धित मन्त्रालयबाट रकम निकासा भएपछि शोधभर्ना हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner